# मण्डनदेउपुर नगरपालिका
## MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
Mahadevsthan

० ११ ४ १ २ १ १ २
० ११ ४ १ २ १ १ ३
० ११ ४ १ २ १ १ ४

काभ्रेपलाञ्चोक
Kavrepalanchok


मितिः २०७६।१२।२५

**दुध भर्ने व्यक्ति/डेरी तथा तरकारी संकलक/सहकारीहरुलाई अत्यन्त जरुरी सूचना !**

**सबै दुग्ध सहकारी/डेरी/दुध तथा तरकारी संकलन केन्द्रहरु**
**मण्डनदेउपुर नगरपालिका ।**

उपर्युक्त सम्बन्धमा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९)को संक्रमणलाई नियन्त्रण तथा रोकथाम गर्ने सिलसिलामा यस नगरपालिकाले मितिः २०७६।१२।१८ देखि २०७६।१२।२५ सम्मको लागि नागरिकहरुको स्वास्थ्य सुरक्षाका निमित्त लकडाउनलाई सुव्यवस्थित गराउने सन्दर्भमा यस नगरपालिका भित्रका दुग्ध सहकारी/डेरीहरुमा दुध भर्ने भराउने, आयात निर्यात गर्ने गराउने कार्य बन्द गरिएकोमा नेपाल सरकारबाट अन्य व्यवस्था भएमा सोहि अनुसार हुने गरी मितिः २०७६/१२/२६ गते देखि तपसिलमा उल्लेखित सर्तहरु कडाइका साथ अनिवार्य रुपमा पालना गरेर मात्र दुध भर्ने भराउने तथा तरकारी संकलन एवम् निर्यात गर्न हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । नगर प्रमुख, उप-प्रमुख, सम्बन्धित वडाध्यक्ष र जनप्रतिनिधिहरुका साथै सुरक्षा निकाय, विपद् व्यवस्थापन समिति तथा नगरपालिकाको टोलीबाट समेत निरिक्षण अनुगमन हुने र तपसिल अनुसारको व्यवस्था नभएको पाइएमा तत्काल डेरी/सहकारीहरुलाई सिलबन्दी गरी मानव स्वास्थ्य जोखिममा पारे वापत प्रचलित ऐन नियम अनुसार कारवाही गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

## पालना गर्नुपर्ने सर्तहरु

१. दुध भर्ने भराउने स्थानमा अनिवार्य रुपमा हातधुने ब्यवस्था गरी स्यानीटाइजर राखेर हात धोई स्यानीटाइजर लगाएर मात्र प्रवेश गर्नु पर्ने छ ।
२. दुध भर्ने स्थानमा उपस्थित हुने सबैले (संचालक, किसान, कर्मचारी आदि) अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ ।
३. दुध लिएर आएको भाँडा सम्बन्धित व्यक्ति/किसान बाहेक अन्य कुनै पनि दोस्रो व्यक्ति र सहकारी संचालक/काउन्टर कर्मचारीले समेत छुन, चलाउन पाइने छैन । सम्बन्धित किसान/व्यक्तिले संकलन गर्ने भाँडोमा सिधै दुध खन्याउनु पर्नेछ ।
४. दुध भर्न आउने व्यक्तिहरुका लागि घेरा निर्माण गरी लाइनको व्यबस्था गर्नुपर्नेछ । एक व्यक्तिदेखि अर्को व्यक्तिको दूरी कम्तीमा १.५ मिटर (५ फिट) हुनुपर्नेछ ।
५. दुध बोकेर लाइनमा उभिएको व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति डेरी/काउन्टर आसपास भेला हुन, भेला गर्न गराउन पाइने छैन । दुध भरिसकेको व्यक्ति समेत सो क्षेत्रमा अलमल गरी बस्न, उभिन तथा जमघट गर्न पाईने छैन ।
६. दुध भराउने डेरी/सहकारीले आफ्ना सदस्य दुग्ध किसानहरुको पालो समय तोकेर समय व्यवस्थापन गर्नुपर्ने छ र सो को जानकारी सम्बन्धित व्यक्तिलाई गराउनु पर्नेछ । (जस्तै किसान (क) ६:१० बजे, किसान (ख) ६:१५बजे, किसान (ग) ६:१८ बजे आदि ।)
७. दुध संकलन गर्नु पूर्व र संकलनको काम सकेपछि सम्बन्धित डेरी/सहकारीले आफ्नो क्षेत्रलाई राम्ररी सरसफाई गरी डिस्इन्फेक्टेन्ट स्प्रे अनिवार्य रुपमा गर्नुपर्ने छ ।

८. उल्लेखित व्यवस्थाहरु कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित वडाध्यक्षको संयोजकत्वमा गठित वडा स्तरीय विपद् व्यवस्थापन समितिले नियमित रुपमा अनुगमन गरी कार्यान्वयन गराउनु पर्नेछ ।

९. तरकारी तथा दुध निर्यात गर्ने सवारी साधनमा चालक र १ जना सहयोगी समेत गरी जम्मा २ जना व्यक्ति भन्दा बढी हिड्न पाइने छैन ।

१०. माथि बुँदा नं.९ सम्ममा उल्लेखित सम्पूर्ण व्यबस्थापन गर्ने जिम्मेवारी सम्बन्धित दुध भराउने तथा तरकारी संकलन गर्ने सहकारी/डेरी संचालकको हुनेछ ।

११. नगरपालिका क्षेत्र भित्र बिक्री वितरण गर्ने खाद्यान्न, तरकारी लगायतका लागि पूर्ववत दिनको १२:०० बजे देखि २:०० बजे सम्मको अवधि यथावत कायम गरिएको छ ।

१२. उल्लेखित व्यवस्था अनुसार भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिन नगर स्तरीय सहकारी समन्वय समितिलाई समेत अनुरोध छ ।

१३. इको हिमालले हात धुने व्यबस्थाका लागि नगरपालिका मार्फत वितरण गरेको बाल्टीन साबुन लगायतका सामानहरु ठाउँठाउँमा राखि सकिएको र बाँकी भएका ठाउँहरुमा सम्बन्धित सहकारीले बुझिलिई राख्ने व्यवस्था गर्नुहुन जानकारी गराइन्छ ।

यस अवधिमा नगरपालिकाको निर्णयलाई पालना गर्नुहुने एवम् सहयोग पुऱ्याउनु हुने सम्पूर्ण किसान, आम नागरिक संघ संस्था, व्यक्ति तथा राजनैतिक दलका नेताहरुबाट भएको साथ सहयोग प्रति धन्यवाद दिदै आगामी दिनका लागि समेत सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

(टोक बहादुर वाइबा)
नगर प्रमुख

टोकबहादुर वाइबा
नगर प्रमुख